नेपाल सरकार
गृह मन्त्रालय

मिति २०७४।०६।२७ गते विभिन्न विषयगत क्षेत्रको नेतृत्वदायी तथा सह-नेतृत्वदायी निकायहरु वीच भएको बैठकका छलफल तथा निर्णयहरु :-

१. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन निर्देशिका, २०७४ को मस्यौदा उपर बैठकमा छलफल भयो ।

२. उक्त निर्देशिकासँग संलग्न विपद्का समयमा आवश्यक पर्ने राहत सामग्रीहरुको विषयमा छलफल भयो । सो छलफलबाट विभिन्न विषयगत क्षेत्रका नेतृत्वदायी निकायहरुले सह-नेतृत्वदायी निकाय समेतको सहभागितामा विपद्का समयमा अन्तर्राष्ट्रिय सहयोग माग गर्दा चाहिने सामग्रीहरुको सूची बनाई एक हप्ता भित्र गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (NEOC) मा पठाउने निर्णय भयो ।

३. विपद्का समयमा चाहिने औषधीहरुको सन्दर्भमा स्वास्थ्य मन्त्रालय र औषधी व्यवस्था विभागले आपसी छलफल गरी एक हप्ता भित्र सूची तयार गरी गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (NEOC) मा पठाउने निर्णय भयो ।

४. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन निर्देशिका, २०७४ (मस्यौदा) का सम्बन्धमा लिखित रुपमा राय/सुझाव गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (NEOC) मा एक हप्ता भित्र पठाउने निर्णय भयो ।

०७४।०६।२६